नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
पाल्पा

निर्णयहरु:

१. कोभिड-१९ को नयाँ भेरियन्ट ओमिक्रोन नेपालमा समेत देखापरेको तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोभिड-१९ को तेस्रो लहर आउन सक्ने भएकोले सतर्कता तथा पुर्वतयारी गर्न सचेत गराएको सन्दर्भमा स्वास्थ्य सुरक्षाका मापदण्डहरु पालना गर्न; मास्क लगाउने, भौतिक दुरी कायम गर्ने, साबुन पानीले नियमित हातधुने / स्यानीटाईजर प्रयोग गर्ने तथा अत्याबश्यक काम नपरी भिडभाड हुने स्थानमा नजान सबै जिल्लाबासीहरुमा अनुरोध गर्ने ।

२. पाल्पा अस्पतालका निमित मे.सु. सहित १० जना कर्मचारीहरुमा कोभिड-१९ पोजेटिभ देखिई पोस्टमार्टम तथा इमर्जेन्सी सेवा समेत प्रभावित हुने अवस्था सिर्जना भएको बैठकमा जानकारी भयो। जिल्लाका सबै सेवा प्रदायक निकायहरुले कोभिड-१९ को जोखिमलाई मध्यनजर गर्दै स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरि सतर्कतापूर्बक सेवा प्रवाह गर्ने ।

३. गृह मन्त्रालयको च.नं. १३९८ मिति २०७८/०९/२० को पत्रासाथ संलग्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च. नं. DAC-११६ मिति २०७८/०९/१८ को जिल्लामा संचालित खोप अभियानलाई प्रभावकारी बनाउने बिषयको पत्र सम्बन्धमा जानकारी भयो। सो सम्बन्धमा समन्वयात्मक रुपमा प्रभावकारी कार्यन्वयन गर्ने गरी छलफल गरियो। साथै हालसम्मको यस जिल्लाको खोप अभियानको उपलब्धि उच्च रहेको समीक्षा गरियो।

४. जिल्लामा संचालित कोभिड-१९ विरुद्दको खोप अभियानबाट १८ बर्ष भन्दा माथिको अनुमानित लक्षित जनसंख्या (HMIS अनुसार) १६२९४८ मध्ये पहिलो डोज प्राप्त गर्ने १४६३९५(८९.८४%) र पूर्ण खोप प्राप्त गर्ने १२९२१२ (७९.३%) तथा १२ बर्षदेखि १७ बर्ष उमेर समुहको लक्षित जनसंख्या २८०१७ मध्ये पहिलो डोज प्राप्त गर्ने २५९८५ (९२.७४%) रहेको स्वास्थ्य कार्यालय पाल्पाबाट तथ्यांक प्रस्तुत भई सो उपर छलफल गरी शत प्रतिशत पूर्ण खोप पुर्याउने प्रतिबद्दता गरियो।

५. मिति २०७८/९/४ मा जिल्ला कोभिड खोप अनुगमन तथा समन्वय समितिको बैठकबाट सबै सरकारी अस्पतालमा खोप नियमित संचालन गर्न निर्देशन पठाईएकोमा खोप अभियानलाई पूर्णता दिन जिल्लामा क्रियाशील स्वास्थ्य सेवा संग सम्बन्धित रहि कार्यक्रम गर्ने सबै संघ, संस्थाहरु, निजी तथा सामुदायिक अस्पताल, स्वास्थ्य केन्द्रहरु संग समेत स्वास्थ्य कार्यालय पाल्पाले प्रभावकारी समन्वय गरी सम्बद्द सबैलाई परिचालन गर्ने।